नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎ : ०९७–६२०१३७
०९७–६२०३२७
Email : daoachham11@gmail.com

पत्र संख्याः २०८३/०८४ (स्थानीय प्रशासन शाखा)
च.नं.:

मंगलसेन, अछाम

मितिः २०८३।०६।०७
ने.सं. ११४६ जँलाथ्व, बुधबार

# विशेष सतर्कता अपनाउने सम्बन्धी सूचना !!!

उपरोक्त सम्बन्धमा मिति २०८३ साल असोज ०९ गते शुक्रबारदेखि ११ गते आइतबारसम्म देशभर भारी वर्षा हुन सक्ने सम्भावना रहेको भनी जल तथा मौसम विज्ञान विभागबाट मौसम पूर्वानुमान भई मनसुन विशेष मौसम बुलेटिन जारी भएकाले उक्त अवधिको विशेष परिस्थितिलाई मध्यनजर गर्दै अछाम जिल्लामा बाढी र पहिरोको जोखिम बढी रहेका क्षेत्रमा बसोबास गर्ने सम्पूर्ण जिल्लाबासीलाई विशेष सतर्कता अपनाउन यो सूचना जारी गरिएको छ। यस अवधिमा भारी वर्षाका कारण सडक सञ्जाल अवरोध भई यातायात सेवा समेत प्रभावित हुन सक्ने भएकाले अत्यावश्यक कामबाहेक लामो दुरीमा यात्रा नगर्न, यात्रा गर्नै पर्ने भएमा सडक, जोखिमको अवस्था बुझेर मात्र यात्रामा निस्कन र सो समयमा मौसम सम्बन्धी आधिकारिक बुलेटिनहरु नियमित रुपमा सुन्न तथा पढ्न सूचित गरिन्छ। उक्त अवधिमा भारी वर्षा वा अन्य कुनै विपद्को घटना भई आपतकालिन अवस्था सिर्जना भएमा वा उद्धारको आवश्यकता परेमा तपसिलका नम्बरहरुमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

जिल्लास्थित सबै स्थानीय तह, सुरक्षा निकायहरु, विषयगत कार्यालय, राजनैतिक दल, नागरिक समाज, नेपाल रेडक्रस, विभिन्न संघ संस्थाहरु, सञ्चार माध्यम लगायतका सरोकारवाला व्यक्ति तथा निकायहरुले आ-आफनो ठाउँबाट पुर्वतयारी तथा उच्च सतर्कताका लागि सूचना प्रवाह लगायतका कार्यहरुमा सहयोग, समन्वय तथा सहजीकरण गरिदिनुहुन समेत अनुरोध गरिन्छ।

***तपसिलः***

| क्र.सं | पदाधिकारी/निकाय | नम्बर |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | ९८५८४०७७७७ |
| २. | प्रहरी नायब उपरीक्षक | ९८५८४०५५५५ |
| ३. | सशस्त्र प्रहरी नायब उपरीक्षक | ९८५१२५८२४१ |
| ४. | सहायक प्रमुख जिल्ला अधिकारी | ९८५८४८८०७० |
| ५. | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र (DEOC) | १२३४ |
| ६. | नेपाल प्रहरी हटलाइन | १०० |
| ७. | सशस्त्र प्रहरी बल, नेपाल हटलाइन | ११९४ |

२०८३।०६।०६
..............................
यज्ञ बहादुर बुढा
प्रमुख जिल्ला अधिकारी